# नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका, २०७७

प्रदेश सरकार
प्रदेश नं. ५
सामाजिक विकास मन्त्रालय
बुटवल, नेपाल

प्रदेश सरकार

प्रदेश नं. ५

सामाजिक विकास मन्त्रालय

गोपीकृष्ण खनाल

सचिव

<u>नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका, २०७७</u>

**प्रस्तावनाः** सामुदायिक विद्यालयमा समान शैक्षिक पहुँच, गुणस्तरीय तथा जवाफदेही व्यवस्थापन सुनिश्चित गरी सुशासनका पक्षहरुलाई प्रभावकारी बनाई प्रवर्द्धनात्मक अभ्यास मार्फत् विद्यार्थीहरुको सिकाई उपलब्धी मुलक बनाउँदै, विद्यालयको भौतिक तथा शैक्षिक पक्षको विकास गर्न नमुना विद्यालय विकास एवं सञ्चालनको कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले,

प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले देहायको निर्देशिका बनाई लागु गरेको छ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका, २०७७" रहेको छ।

(२) यो निर्देशिका स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

(३) यो निर्देशिका छनौट भएका नमुना विद्यालयहरुको हकमा मात्र लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

(क) "प्रदेश" भन्नाले प्रदेश नं. ५ लाई सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयलाई सम्झनु पर्छ।

(ग) "निर्देशनालय" भन्नाले प्रदेशको शिक्षा तथा सामाजिक विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(घ) "नमुना विद्यालय" भन्नाले यो निर्देशिका बमोजिम छनौट भई यस निर्देशिकाले निर्धारण गरे अनुसारको भौतिक तथा शैक्षिक पूर्वाधार पूरा गरी मन्त्रालयबाट नमूना विद्यालयको रुपमा घोषणा गरीएका माध्यमिक विद्यालयलाई सम्झनु पर्छ

(ङ) "डिभिजन कार्यालय" भन्नाले सामाजिक विकास मन्त्रालय अन्तरगत खोलिएका सामाजिक विकास डिभिजन कार्यालयलाई जनाउनेछ।

(च) "नमुना विद्यालयको कार्यक्रम सञ्चालन गर्ने विद्यालय" भन्नाले यस निर्देशिका बमोजिम निर्देशनालयबाट नमूना विद्यालयको कार्यक्रममा छनौटमा परेका विद्यालयलाई सम्झनु पर्दछ।

## परिच्छेद-२
## उद्देश्य, छनौटका आधार, शर्त र प्रक्रिया

३. **उद्देश्यः** यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेका छन्

(क) नमुना विद्यालयको छनौट, विकास, सञ्चालन तथा व्यवस्थापनका लागि मार्गदर्शन गर्नु,

(ख) नमुना विद्यालयको रुपमा विकास गर्न विद्यालयलाई उपलब्ध गराइने सहयोगबाट सञ्चालित कार्यक्रमलाई उदेश्यमूलक, पारदर्शी, जवाफदेही र नतिजामूलक बनाउनु,

(ग) नमुना विद्यालयको रुपमा विकास गर्न विद्यालयलाई उपलब्ध गराइने सहयोगको बजेट निकासा, व्यवस्थापन र सञ्चालन प्रक्रियालाई सरलीकृत गर्दै कार्यक्रम

कार्यान्वयनलाई सहजीकरण गर्नु,

(घ) विद्यालयहरुको सक्षमता र दक्षता अभिवृद्धि गरी गुणस्तरीय शिक्षाका लागि प्रतिष्पर्धी वातावरण तयार गर्नु।

४. <u>छनौटका आधारः</u> नमुना विद्यालय छनौटका आधार तथा प्रक्रियाहरु देहाय बमोजिम हुनेछनः-

(क) प्रत्येक जिल्लामा कम्तीमा एक नमुना माध्यमिक विद्यालय सञ्चालन हुने गरी अनुसूची-१ अनुसारका सूचकका आधारमा विद्यालय छनौट गरिनेछ।

(ख) नमुना विद्यालय कार्यक्रममा सञ्चालनका लागि छनौट गरीएका विद्यालयहरुले नमुना विद्यालय कार्यक्रम कार्यान्वयनका लागि आफ्नो विद्यालयको विद्यालय सुधार योजना (School Improvement Plan) परिमार्जन गरी यसलाई अद्यावधिक गर्नु पर्नेछ।

(ग) नमुना विद्यालय कार्यक्रम सञ्चालनका लागि छनौट गरीएका विद्यालयहरुले आफ्नो विद्यालयलाई नमुना विद्यालयमा रुपान्तरण गर्ने गरी कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ।

(घ) नमुना विद्यालय छनौट गर्दा गणना गरिने स्थानीय तहहरुको विकास सूचकांक अनुसूची-२ मा राखिएको छ ।

५. <u>नमुना विद्यालय छनौटका न्यूनतम शर्तहरुः</u> (१) यो निर्देशिकामा उल्लेख भए अनुसारको प्रक्रिया तथा मापदण्डका आधारमा नमुना विद्यालय विकासका लागि आवेदन दिन चाहने विद्यालयसँग देहायका पूर्वाधार हुनुपर्नेछः-

(क) माध्यमिक तह सञ्चालन भएको सामुदायिक माध्यमिक विद्यालय हुनुपर्नेछ,

(ख) नमुना विद्यालयका रुपमा विकास गर्न प्रचलित मापदण्ड बमोजिमको भौतिक र शैक्षिक पूर्वाधार निर्माणका लागि विद्यालय हाता भित्र वा हाता नजिक आफ्नो स्वामित्वको तराईमा भए न्यूनतम १ बिगाहा र हिमाल तथा पहाडमा भए न्यूनतम ६ रोपनी जग्गा हुनुपर्नेछ,

(ग) विद्यालयको हातासँग जोडिएको जग्गा बाहेक अन्य जग्गाको हकमा बढीमा ५०० मिटर सम्मको दूरीको जग्गालाई मात्र मूल्याङ्कनमा कायम गरिने छ,

(घ) विद्यालयको भौगोलिक अवस्थिति नेपाल सरकारबाट स्वीकृत बस्ती विकास,सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ ले निर्धारण गरे अनुसार बाढी, पहिरो, भूक्षय लगायत प्राकृतिक प्रकोपका दृष्टिले जोखिमपूर्ण स्थानमा नरहेको हुनुपर्नेछ,

(ङ) नमुना विद्यालयका लागि छनौट हुने विद्यालयमा कम्तीमा हिमालमा २५०, पहाडमा ४५० र तराइमा ८०० जना विद्यार्थी हुनुपर्नेछ,

(च) अन्य शर्तहरुः नमुना विद्यालयको छनौटमा सहभागी हुन चाहने विद्यालयहरुले माथि उल्लिखित शर्तहरुका अतिरिक्त देहाय बमोजिमका शर्तहरु समेत पूरा गरेको हुनुपर्नेछः-

१. विद्यालय व्यवस्थापन समिति गठन भई क्रियाशील रहेको,

२. विद्यालयले सामाजिक परीक्षण र लेखा परीक्षण वार्षिक रुपमा तोकिएकै समयमा सम्पन्न गरेको,

३. तोकिएको समयमा विद्यालयको तथ्याङ्क सम्बन्धित निकायमा पेश गरेको।
४. विद्यालय सुधार योजना अद्यावधिक गरी कार्यन्वयनमा ल्याइएको।

६. छनौट प्रक्रियाः नमुना विद्यालय छनौटका लागि देहाय बमोजिमका प्रक्रियाहरु अपनाउनु पर्नेछः-

(क) निर्देशनालयले नमुना विद्यालय छनौटका लागि इच्छुक विद्यालयहरुलाई सम्बन्धित डिभिजन कार्यालयमा आवेदन दिनको लागि राष्ट्रिय स्तरको पत्रिकामा कम्तीमा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

(ख) नमुना विद्यालयका लागि निर्धारण गरीएका न्यूनतम शर्त तथा मापदण्डहरु पूरा गरेका विद्यालयले तोकिएको समय सीमाभित्र डिभिजन कार्यालयमा यस निर्देशिकाले तोकेको प्रक्रिया पुरा गरी प्रमाणित दस्तावेजहरु र अनुसूची-३ अनुसारको विद्यालय विकास प्रस्ताव समावेश गरी अनुसूची-४ को ढाँचामा आवेदन गर्नुपर्नेछ ।

(ग) डिभिजन कार्यालयले प्राप्त निवेदनहरुको छानवीन गरी रीतपूर्वक निवेदन दिने विद्यालयको स्थलगत अनुगमन समेत गरी अभिलेख भिडाई अनुसूची-१ मा उल्लिखित आधारमा प्रारम्भिक मूल्याङ्कन गरी निर्देशनालयमा पठाउनु पर्नेछ ।

(घ) निर्देशनालयले डिभिजन कार्यालयबाट प्राप्त प्रारम्भिक मूल्याङ्कन उपर निर्देशिका बमोजिम आवश्यक परेमा स्थलगत निरीक्षण समेत गरी गराई नमुना विद्यालय कार्यक्रम सञ्चालनका लागि विद्यालयको छनौट गरी सो को जानकारी डिभिजन कार्यालय र मन्त्रालयमा दिनुपर्नेछ ।

(ङ) विद्यालय छनौट सम्बन्धी उजुरी तथा गुनासोहरुको सुनुवाई सामाजिक विकास मन्त्रालयले गर्नेछ ।

(च) नमुना विद्यायल कार्यक्रम सञ्चालनका लागि छनौट भएका विद्यालयहरुले डिभिजन कार्यालय र निर्देशनालय समेतको प्राविधिक सहयोगमा लागत अनुमान सहितको एक विस्तृत नमुना विद्यालय विकास योजना तर्जुमा गरी यस योजनाका आधारमा नमुना विद्यालयको रुपमा विकास गर्नु पर्नेछ ।

(छ) नमुना विद्यालयको कार्यक्रममा छनौट भएका विद्यालयले विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक र कर्मचारीको संयुक्त बैठक बसी यस निर्देशिका बमोजिमका प्रक्रिया र आधार तथा मापदण्ड बमोजिम काम गर्ने प्रतिबद्धता सहितको निर्णय गराई स्थानीय तह र निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

(ज) विद्यालयले नमुना विद्यालय विकास योजना कार्यान्वयनका लागि विस्तृत कार्ययोजना समेत तयार गरी सहमतिका लागि डिभिजनको सिफारिसमा निर्देशनालयमा पठाउनु पर्नेछ ।

## परिच्छेद-३
## नमुना विद्यालयको पूर्वाधार विकास

७. नमुना विद्यालयको शैक्षिक पूर्वाधार विकासः नमुना विद्यालयमा देहायका शैक्षिक पूर्वाधारहरु हुनेछन् -

(क) नमुना विद्यालयका लागि आवश्यक पर्ने सबै तह र विषयका आवश्यक तालिम प्राप्त शिक्षक तथा सामग्रीहरु ।

(ख) कम्तीमा १ नर्स र १ खेलकूद प्रशिक्षक ।

(ग) आधुनिक शिक्षण विधि र प्रविधि सहितको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन

गर्न आवश्यक पूर्वाधारको व्यवस्था ।

(घ) माध्यमिक तहमा विज्ञान, गणित तथा अन्य प्राविधिक विषयको लागि पर्याप्त सामग्री सहितको प्रयोगशाला ।

(ङ) स्थानीय परिवेश र आवश्यकता अनुसार तयार गरेका स्थानीय पाठ्यक्रमको कार्यान्वन।

(च) विद्यालयले सिकाइ, व्यवस्थापन तथा प्रवर्द्धनात्मक कार्यहरुको अनुभव आदान प्रदान गर्न आफ्नो सेवा क्षेत्र भित्रका अन्य विद्यालयहरु तथा नमुना विद्यालयहरु बीच सञ्जाल निर्माण ।

(छ) विद्यार्थी, शिक्षक तथा अभिभावक सहितको शैक्षिक अध्ययन, अवलोकन भ्रमण ।

(ज) शिक्षण सिकाइमा सूचना प्रविधिको अधिकतम प्रयोग गरी गणित, विज्ञान जस्ता विषयमा सूचना तथा प्रविधिमा आधारित अनलाइन तथा अफलाइन विद्युतीय सिकाइ स्रोत सामग्रीहरुको प्रबन्ध ।

(झ) विद्यालयको आफ्नो अध्यावधिक वेभ साइट वा विद्युतीय सामाजिक सञ्जाल जडान गरी विद्यालयका सम्पूर्ण गतिविधि वेभ साइट मार्फत सार्वजनिकीकरण।

(ञ) प्रत्येक कक्षामा सन्दर्भ सामग्री सहितको बुक कर्नर ।

(ट) विद्यार्थीमा अन्वेषण तथा खोज गर्ने प्रवृति विकासका लागि परियोजना विधिको प्रयोग ।

८. <u>नमुना विद्यालयका लागि आवश्यक भौतिक पूर्वाधारः</u> (१) नमुना विद्यालयमा प्रचलित नियम तथा मापदण्ड अनुसार हुने गरी देहाय बमोजिमका भौतिक पूर्वाधारहरु हुनेछन् ।

(क) बालमैत्री, अपाङ्गमैत्री,विपद् प्रतिरोधात्मक साथै तोकिएको मापदण्ड अनुसार कक्षाकोठाको सङ्ख्या र पूर्वाधारको उपलब्धता।

(ख) आधुनिक शिक्षण पद्वति अनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सकिने गरी कक्षाकोठा व्यवस्थापन।

(ग) प्रारम्भिक बालशिक्षा कक्षाका लागि बालमैत्री राष्ट्रिय प्रारुप बमोजिमका पर्याप्त खेल तथा सिकाइ सामग्री सहितको छुट्टै कोठाको व्यवस्था ।

(घ) न्युनतम ५० जना विद्यार्थीहरुका लागि प्रचलित मापदण्ड अनुसारको आवासीय प्रवन्ध ।

(ङ) आधारभूत तह र माध्यमिक तहका लागि सबै विषय क्षेत्र समेटिएका छुट्टाछुट्टै पुस्तकालयको व्यवस्था ।

(च) विज्ञान विषय अन्तर्गत भौतिक विज्ञान, रसायन विज्ञान, जीवविज्ञान तथा प्राविधिकधार तर्फका विषय क्षेत्र अनुसार सबै विद्यार्थीहरुको सहज पहुँच हुनेगरी छुट्टा छुट्टै प्रयोगशालाको व्यवस्था ।

(छ) सूचना तथा सञ्चार प्रविधि प्रयोगशालामा नेटवर्किङको व्यवस्थासहित कम्तीमा ३० सेट कम्प्यूटरको व्यवस्था ।

(ज) कम्तीमा ४० प्रतिशत कक्षाहरुमा एक साथ श्री ईन वन डिजिटल माध्यमबाट पढाइको व्यवस्था ।

(झ) स्थानीय भूगोल र समुदायको अध्ययन गराउने हेतुले कला, धर्म, सँस्कृति, संस्कार, जीवनशैली, भेषभुषा, इतिहास, स्थानीय भौगर्भिक वस्तुहरु र परम्परागत प्रविधि जस्ता स्थानीय परिवेश झल्किने गरी विद्यालयमा एउटा संग्रहालय कक्षको

व्यवस्था ।

(ञ) प्राथमिक उपचारका लागि एकजना स्वास्थ्य सहायकको व्यवस्था सहित आवश्यक स्वास्थ्य सामग्री सहितको छुट्टै प्राथमिक उपचार कक्ष ।

(ट) मनोसामाजिक परामर्शका लागि विद्यालयका शिक्षकहरुको क्षमता विकास।

(ठ) व्यावसायिक सीपतर्फ उन्मुख गराउनका लागि एक छुट्टै कार्यशाला कक्ष सहित स्थानीय सम्भाव्यतामा आधारित विभिन्न पूर्व व्यावसायिक क्रियाकलापहरु सञ्चालनको व्वस्था।

(ड) विद्यालयले १० र १२ कक्षाका विद्यार्थीलाई नियमित रुपमा आधारभूत प्लम्बिंग, विद्युत जडान, रंगरोगन, भवन निर्माण, विद्युतीय उपकरणको मर्मत, कम्तीमा दुई पाङ्ग्रे सवारी साधनको मर्मत, आधारभूत कुकिंग जस्ता दैनिक जीवनलाई अत्यावश्यक सीप सिकाउने व्यवस्था ।

(ढ) विद्यालयमा पर्याप्त स्वच्छ पानीको व्यवस्था ।

(ण) ४० जना विद्यार्थी बराबर एउटा हुने गरी छुट्टाछुट्टै बालमैत्री, लैङ्गिक मैत्री, अपाङ्गमैत्री शौचालय ।

(त) विद्यालयको हाताभित्र एकपटकमा ५० विद्यार्थीले प्रयोग गर्न सक्ने गरी सार्वजनिक निजि साझेदारीमा एक चमेनागृहको व्यवस्था ।

(थ) नमुना विद्यालयको हातामा करेसावारी तथा फुलबारी सहितको बगैंचा, सुरक्षित, बालमैत्री र वातावरणमैत्री घेरावार ।

(द) नमुना विद्यालयमा सम्पूर्ण विद्यार्थीहरुलाई एकैपटक प्रार्थना गर्न पुग्ने मैदान सहित भलिवल, टेवलटेनिस लगायतका खेलहरु खेल्नका लागि उपयुक्त खेलमैदान ।

(ध) विद्युतीय उपकरण निरन्तर सञ्चालनका लागि आवश्यक वैकल्पिक उर्जा प्रणालीको व्यवस्था ।

(न) वालमैत्री स्थानीय शासनको प्रारुपको विद्यालयसँग सम्वन्धित सूचकहरु पुरा गर्ने व्यवस्था।

(न) टाढाबाट आउने बालबालिकाहरुका लागि यातायातको साधन बसको सुविधा ।

९. <u>नमुना विद्यालयको पुरा गर्नु पर्ने आन्तरिक सुशासनका पूर्वाधारः</u> नमुना विद्यालय हुनका लागि देहायको आन्तरिक सुशासनका पूर्वाधारहरु पुरा गर्नेछन् -

(क) विद्यालय सुधार योजना तयार गरी लागू तथा अद्यावधिक गरेको।

(ख) सि·सि· टि क्यामेराको व्यवस्था ।

(ग) शिक्षक तथा कर्मचारीको हाजिरी विद्युतीय रुपमा गर्ने व्यवस्था ।

(घ) विद्यालयले प्रत्येक त्रैमासिक परीक्षाको सिकाइ उपलब्धीको विवरण शिक्षक, अभिभावक बैठक गरी वितरण तथा विद्यार्थीहरुको सिकाइ उपलब्धी सुधारका लागि परामर्श दिने व्यवस्था।

(ङ) विद्यालयका सम्पूर्ण गतिविधि विद्यालयको वेभसाइटमा अद्यावधिक भएको।

(च) विद्यालयमा बालक्लब, स्काउट, जुनियर रेडक्रस सर्कल गठन ।

(छ) विद्यालयले विपद् व्यवस्थापन योजना बनाई सोको कार्यान्वयन ।

(ज) विद्यालयका सवै गतिविधिहरुमा अभिभावकहरुको पहुँच, सहभागिताको सुनिश्चितता ।

(झ) विद्यालयले देहायबमोजिमका प्रतिवेदनहरु नियमित तथा आवधिक रुपमा सम्प्रेषण गर्नुपर्नेछः-

(अ) अभिभावक तथा विद्यार्थीलाई दिनुपर्ने प्रत्येक विद्यार्थीको सिकाइ उपलब्धी सम्बन्धी प्रगति विवरण,

(आ) अभिभावक भेलामा पेश गरिने विद्यालय प्रतिवेदन,

(इ) लेखा परीक्षण प्रतिवेदन,

(ई) सामाजिक परीक्षण प्रतिवेदन,

(उ) विद्यार्थीको सिकाई उपलब्धी र विद्यालयको कार्यसम्पादन परीक्षणको प्रतिवेदन,

(ऊ) सह तथा अतिरिक्त क्रियाकलाप सम्बन्धी प्रतिवेदन,

(ए) शैक्षिक तथ्याङ्क, र

(ऐ) विद्यालय विकास योजना तथा उक्त योजनाको वार्षिक कार्यान्वयन प्रतिवेदन।

## परिच्छेद-४

## विभिन्न तह तथा निकायहरुको भूमिका

१०. <u>डिभिजन कार्यालयको भुमिकाः</u> नमुना विद्यालयको व्यवस्थापन, रेखदेख र सञ्चालन गर्न डिभिजन कार्यालयको भूमिका देहाय बमोजिम हुनेछ

(क)निर्देशनालयको सूचनाका आधारमा नमुना विद्यालयको लागि दिएका आवेदनहरु दर्ता गर्ने ।

(ख)आवेदनहरुको प्राप्त प्रमाणका आधारमा प्रारम्भिक मूल्याङ्कन गर्ने । पेश भएका प्रमाण उपर शंका लागेमा स्थलगत अनुगमन समेत गर्ने ।

(ग) मूल्याङ्कन गर्न द्विविधा भएका अवस्थामा कैफियत विवरण खोली मूल्याङ्कन साथ निर्देशनालयमा पठाउने ।

(घ) निर्देशनालयबाट छनौट भई आएका विद्यालयहरुसँग सम्झौता गर्ने ।

(ङ) छनौट भएको नमुना विद्यालयको योजना र यसको कार्यान्वयनका लागि स्रोत व्यवस्थापन र कार्यान्वयनको अनुगमन गर्ने।

(च) आफ्नो क्षेत्रभित्र सञ्चालित नमुना विद्यालयको शिक्षाको गुणात्मक विकासका लागि विद्यालयको सुपरीवेक्षण, अनुगमन गरी प्रधानाध्यापक, शिक्षक र व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने।

(छ) विद्यालय व्यवस्थापन समितिलाई स्थानीय स्रोत साधनको पहिचान र परिचालनमा सहयोग पुऱ्याउने।

(ज) नमुना विद्यालय विकास योजना कार्यान्वयनका लागि प्रदेश सरकारबाट प्राप्त रकम सम्बन्धित विद्यालयले उचित ढंगले सदुपयोग गरे नगरेको अनुगमन गर्ने गराउने।

११. <u>स्थानीय तहको भूमिकाः</u> स्थानीय तह क्षेत्रभित्र सञ्चालन हुने नमुना विद्यालयको व्यवस्थापन, रेखदेख र सञ्चालन गर्न स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछः

(क)नमुना विद्यालयको कार्यक्रम सञ्चालन गर्ने विद्यालयको शैक्षिक योजना सम्बन्धी अभिलेख अध्यावधिक गराई त्यस्तो योजनाको अनुगमन गरी सुझाव दिने।

(ख)विद्यालय व्यवस्थापन समितिलाई स्थानीय स्रोत साधनको पहिचान र परिचालनमा सहयोग

पुऱ्याउने।

(ग) आफ्नो क्षेत्रभित्र सञ्चालित नमुना विद्यालयको शिक्षाको गुणात्मक विकासको लागि विद्यालयको सुपरीवेक्षण, अनुगमन गरी प्रधानाध्यापक, शिक्षक र व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने।

(घ) छनौट भएको नमुना विद्यालयको योजना र यसको कार्यान्वयनका लागि स्रोत व्यवस्थापन र कार्यान्वयनको अनुगमन गर्ने।

(ङ) नमुना विद्यालय विकास योजना कार्यान्वयनका लागि प्रदेश सरकारबाट प्राप्त रकम सम्बन्धित विद्यालयले उचित ढंगले सदुपयोग गरे नगरेको अनुगमन गर्ने गराउने।

१२. <u>निर्देशनालयको भूमिका:</u> नमुना विद्यालय विकास तथा सञ्चालनमा शिक्षा तथा सामाजिक विकास निर्देशनालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहहरु तथा विद्यालयहरुलाई आवश्यक सूचना प्रवाह गर्ने।

(ख) नमुना विद्यालयको कार्यक्रम संचलान तथा छनौटका लागि सूचना आव्हान गरी निवेदनहरु डिभिजन कार्यालयहरुमा संकलन गर्न लगाउने।

(ग) नमूना विद्यालय कार्यक्रममा समावेश हुन चाहने विद्यालयहरुको डिभिजनबाट प्राप्त प्रारम्भिक मूल्याङ्कनमा थप स्पष्टता पार्न आवश्यक परेमा स्थालगत अनुगमन र मूल्याङ्कन गर्ने।

(घ) उच्चतम अङ्क प्राप्त गरी नुमना विद्यालयको रुपमा छनौट भएका विद्यालयको विवरण डिभिजन कार्यालय र मन्त्रालयमा पठाउने।

(ङ) छनौट भएका विद्यालयहरुको योजना तयार गर्न तथा कार्यान्वयनमा डिभिजन र विद्यालयलाई प्राविधिक सहजीकरण गर्ने।

(च) नमुना विद्यालयहरुको कार्यक्रममा परेका विद्यालयहरूको समय समयमा अनुगमन गरी प्रतिवेदन तयार गर्ने।

(छ) तोकेका मापदण्ड पुरा गर्ने विद्यालयलाई नमुना विद्यालय घोषणा गर्न मन्त्रालयलाई सिफारिस गर्ने ।

१३. <u>विद्यालय व्यवस्थापन समितिको भूमिका:</u> (१) नमुना विद्यालयको सञ्चालन रेखदेख र व्यवस्थापन गर्नका लागि प्रचलित शिक्षा ऐनमा भएको व्यवस्था बमोजिमकै विधालय व्यवस्थापन समिति रहने छ।
(२) समितिको काम, कर्तव्य र अधिकार शिक्षा ऐन र नियमावलीमा तोकिएको अतिरिक्त देहाय बमोजिम हुनेछः-

(क) नमुना विद्यालय विकासका लागि विस्तृत विद्यालय सुधार योजना तयार गरी कार्यान्वयन गर्ने,

(ख) विद्यालयमा रिक्त रहेको शिक्षक दरवन्दीमा प्रचलित कानून बमोजिम नियुक्ति गर्दा विद्यार्थी सङ्ख्याको आधारमा विषयगत रुपमा शिक्षक व्यवस्थापन गर्ने,

(ग) आफ्नो विद्यालयको वार्षिक रुपमा स्वमूल्याङ्कन गरी विस्तृत विद्यालय सुधार योजना अद्यावधिक गर्ने,

(घ) विद्यार्थीहरूको सिकाइका लागि आवश्यक प्रयोगात्मक स्रोत साधनको व्यवस्था गर्ने,

(ङ) शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विभिन्न उपसमिति बनाई जिम्मेवारी बाँडफाँड गर्ने,

(च) आवश्यकता अनुसार विद्यार्थी आवासको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्ने,

(छ) विद्यालयभित्र विद्यालय स्वास्थ्य कार्यक्रम र प्राथमिक उपचारको व्यवस्था गर्ने,

(ज) निर्देशिकामा तोकिए बमोजिम वार्षिक रुपमा सामाजिक परीक्षण गर्ने।

## परिच्छेद-५

## शिक्षक तथा कर्मचारी र आवासीय विद्यार्थी सम्बन्धी व्यवस्था

१४. <u>शिक्षक तथा कर्मचारी व्यवस्थापनः</u> नमुना माध्यमिक विद्यालयमा शिक्षक तथा कर्मचारी व्यवस्थापन देहाय बमोजिम हुनेछः-

(क)नमुना विद्यालयमा एकजना पूर्णकालीन प्रधानाध्यापक हुनु पर्नेछ।

(ख)नमुना विद्यालय विस्तृत विद्यालय सुधार योजना प्रस्ताव तयार गरी उक्त प्रस्तावका आधारमा प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समितिसँग कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ।

(ग) प्रधानाध्यापकले सिकाइ उपलब्धी वृद्धि प्रक्षेपण सहितको नतिजा खाकाका आधारमा शिक्षकसँग कार्यसम्पादन सम्झौता गर्नुपर्ने छ र यसलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कन तथा प्रोत्साहनको आधार बनाउनु पर्नेछ।

१५. <u>क्षमता विकास सम्बन्धी व्यवस्थाः</u> (१) यस प्रदेशको शिक्षा तालिम केन्द्रको प्राविधिक सहजीकरणमा प्रधानाध्यापक तथा शिक्षकहरुलाई पेशागत विकासका लागि तालिम लगायत विभिन्न कार्यक्रमहरु सञ्चालन गरी नमुना विद्यालय व्यवस्थापन, सञ्चालन तथा गुणस्तर अभिवृद्धि गर्न क्षमता विकास गर्नु पर्नेछ।

(२) प्रधानाध्यापक तथा शिक्षकहरुलाई पेशागत विकासका लागि क्षमता विकास गर्नुपूर्व आवश्यकताको विश्लेषण गरी यस सम्बन्धी क्षमता विकास योजना निर्माण गर्नु पर्नेछ।

(३) असल अभ्यास भएका विद्यालयहरुको अनुभव आदान प्रदान गर्न अन्तर विद्यालय अवलोकन भ्रमण समेत गराउन सकिने छ।

१६. <u>आवासीय विद्यार्थी छनौटः</u> (१) आवासीय सुविधा भएका नमुना विद्यालयहरुमा आवासीय विद्यार्थी छनौट गर्दा देहाय बमोजिमका आधारहरु लिनु पर्नेछः

(क) कक्षा ६ देखि माथि अध्ययन गर्ने विपन्न, विशेष प्रतिभावान र लक्षित समूहका बालबालिकाका लागि आवासीय रुपमा पठन पाठनको व्यवस्था गर्न सकिनेछ।

(ख) दैनिक एक घण्टाभन्दा बढी पैदल हिंडेर विद्यालय जान आउन पर्ने विद्यार्थीहरु मध्येबाट छात्राहरुलाई प्राथमिकता हुने गरी निम्नानुसार छनौट गर्नुपर्नेछः

१. आर्थिक रुपमा विपन्नका लागि पच्चिस प्रतिशत,

२. लक्षित समूहका बालबालिकाहरुका लागि तीस प्रतिशत,

३. अपाङ्गता भएका बालबालिकाहरुका लागि तीस प्रतिशत र यस्ता विद्यार्थीहरु नपाइएमा अन्य समूहका बालबालिकाका लागि छात्रावास उपलब्ध गराउन सकिने छ।

४. विशेष प्रतिभावान बालबालिकाहरुका लागि पन्ध्र प्रतिशत।

(२) नमुना विद्यालयको आवासीय छात्रवृत्ति उपलब्ध गराउन विद्यार्थी छनौट प्रयोजनका लागि सम्बन्धित विद्यालयले उपदफा (१) (क) का आधारहरु प्रयोग गरी आवश्यक मापदण्ड बनाई कार्यान्वयन गर्नुपर्नेछ।

## परिच्छेद-६

## <u>लागत अनुमान, जाँचपास र फरफारक</u>

१७. <u>लागत अनुमानः</u> कार्यक्रमको लागत अनुमान प्रचलित कानून अनुसार मान्यता प्राप्त प्राविधिकबाट तयार भएको हुनुपर्नेछ।

१८. <u>प्राविधिक अनुगमन तथा जाँचपासः</u> (१) यस कार्यक्रम अन्तरगत हुने निर्माण कार्यको प्राविधिक जाँचपास, मूल्यांकन तथा अनुगमन योग्यता पुगेको प्राविधिकबाट हुनेछ ।

गोपीकृष्ण ख्लाल

(२) अनुदान स्वीकृत भएपछि निर्माण हुने भौतिक पूर्वाधारको नियमित प्राविधिक अनुगमनको लागि अनुदान पाउने विद्यालयले प्रदेश भवन ऐन, २०७५ अनुसार योग्यता भएको प्राविधिकको व्यवस्था आफ्नै स्रोतबाट गरी यसको विवरण निर्देशनालयलाई उपलब्ध गराउनु पर्नेछ।

१९. फरफारक: यस कार्यक्रमबाट सञ्चलित कार्यक्रमको फरफारक डिभिजन कार्यालयबाट हुनेछ।

## परिच्छेद-७

## अनुदान, खर्चका क्षेत्र तथा कारबाही सम्बन्धी व्यवस्था

२०. कार्यक्रमको अनुदान अवधि: यस कार्यविधि बमोजिम छनौट भएका नमुना विद्यालयलाई नमुना विद्यालय विकासको लागि सम्बन्धित डिभिजन कार्यलय मार्फत् मन्त्रालयले पहिलो आर्थिक वर्षको लागि प्रति विद्यालय बढीमा रू ७५ लाख र अन्य २ आर्थिक वर्षहरुमा विद्यालयको आवश्यकताका आधारमा मन्त्रालयले थप रकम उपलब्ध गराउन सक्नेछ।

२१. खर्च क्षेत्रहरु: नमूना विद्यालय सञ्चालन कार्यक्रमको अनुदानबाट खर्च गर्न सकिने क्षेत्रहरू अनुसूची-५ बमोजिम हुनेछ।

२२. सरकारी बाँकी सरह असूल उपर हुने: यस कार्यक्रमबाट प्राप्त अनुदान हिनामिना भएमा वा तोकिएको गुणस्तर अनुरुप नभएमा कार्यक्रम कार्यान्वयनमा संलग्न जिम्मेवार पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरी कारबाहीका लागि मन्त्रालयले अख्तियार प्राप्त निकायमा लेखी पठाउने छ।

## परिच्छेद-८

## भवन निर्माण तथा मापदण्ड सम्बन्धी व्यवस्था

२३. भवन संहिता तथा भवन निर्माण मापदण्डको पालना: भौतिक संरचना निर्माण गर्दा राष्ट्रिय भवन संहिता तथा नेपाल सरकारबाट स्वीकृत भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड पालना गर्नुपर्नेछ।

२४. नमुना भवनको डिजाइन: (१) यस कार्यक्रमबाट निर्माण हुने भवनको डिजाइन नेपाल सरकार, शिक्षा विभागबाट तयार गरिएको Guidelines for Developing Type Design for School Building in Nepal अनुसार हुनुपर्नेछ।

(२) नमुना भवनको डिजाइन अनुसूची-६ मा उल्लेख गरिएको छ।

२५. भवनको निर्माण सामाग्री र संरचना: यस कार्यक्रमबाट निर्माण हुने भवन संरचना र यसमा प्रयोग हुने निर्माण सामाग्रीहरु नेपाल सरकार, शिक्षा विभागबाट स्वीकृत Structural Design Criteria for Type Design of School Building अनुसार हुनेछ।

## परिच्छेद-९

## विविध

२६. विनियम बनाई कार्य गर्नुपर्ने: विद्यालयले आवश्यक्ता अनुसार शैक्षिक क्रियाकलाप व्यवस्थापन, छात्रावास व्यवस्थापन लगायतका विषयमा विनियम बनाई कार्यान्वयन गर्नुपर्नेछ।

२७. खरिद एकाई सम्बन्धी व्यवस्था: विद्यालयलाई आवश्यक पर्ने सामग्री खरिद गर्दा प्रचलित कानून बमोजिम खरिद एकाई गठन गरी खरिद कार्य गर्नुपर्नेछ।

२८. नमुना विद्यालयको घोषणा: नमुना विद्यालय कार्यक्रम सञ्चालन गरी यस निर्देशिकाले तोकेका मापदण्ड पुरा गर्ने विद्यालयलाई मन्त्रालयले निर्देशनालयको सिफारिसमा नमुना विद्यालय घोषणा गर्नेछ।

२९. सार्वजनिक परीक्षण: यस निर्देशिका बमोजिम कार्यक्रम सम्पन्न भएपछि जिम्मेवार समिति वा अधिकारीले समितिका पदाधिकारीहरु, स्थानीय तहका प्रतिनिधिहरु, शिक्षक, अभिभावक, विद्यार्थी तथा कार्यक्रमबाट

प्रभावित जनसमुदायलाई कार्यक्रम सञ्चालन भएको स्थानमा भेला गराई कार्यक्रमको आम्दानी- खर्च, कार्यक्रमबाट निर्मित संरचना र खरिद भएका भौतिक वस्तुको सार्वजनीकरण गर्नु पर्नेछ।

३०. **यस अघि नमुना विद्यालय कार्यक्रममा छनौट भएका विद्यालयको प्रस्तावः** (१) आर्थिक वर्ष २०७६/०७७ मा नमूना विद्यालयको कार्यक्रम संचालन गरेका विद्यालयले आर्थिक वर्ष समाप्त भएपछि आफूले गरेको कामको प्रचलित कानून अनुसार फर्छ्योट गरी कार्यको प्रगति विवरण सहित आर्थिक वर्ष २०७७/०७८ का लागि स्थानीय तह र आफ्नो स्रोतबाट व्योहोरिने लागत सहभागिता खुलाइ सम्बन्धित डिभिजन कार्यालयमा कार्यक्रम प्रस्ताव पेश गर्न सक्नेछन।

(२) उप-दफा (१) बमोजिम प्राप्प प्रस्तावलाई वार्षिक कार्यक्रमको सीमामा डिभिजन कार्यालयले प्रचलित कानून बमोजिम यस्ता विद्यालयको लागि स्वीकृत कार्यक्रम कार्यन्वयन गर्नु पर्नेछ

३१. **संशोधनः** मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई यो निर्देशिका संशोधन गर्न सक्नेछ।

३२. **खारेजीः** नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका, २०७६ खारेजी गरिएको छ।

गोपीकृष्ण खनाल
सचिव

अनुसूची-५

<u>नमूना विद्यालय सञ्चालन कार्यक्रमको अनुदानबाट खर्च गर्न सकिने क्षेत्रहरु</u>

दफा २१ सँग सम्बन्धित

१. नमुना विद्यालयमा विशेष आवश्यकता भएका बालबालिकालाई लक्षित गरी कम्तीमा १ नर्स र १ खेलकूद प्रशिक्षकको खर्च।
२. माध्यमिक तहमा विज्ञान, गणित तथा अन्य प्राविधिक विषयका लागि आवश्यक प्रयोगशालाको स्थापनामा लाग्ने उपकरण तथा पूर्वाधारको खर्च।
३. शिक्षण सिकाइमा सूचना प्रविधिको अधिकतम प्रयोग गर्न गणित, विज्ञान जस्ता विषयमा सूचना तथा प्रविधिमा आधारित अनलाइन तथा अफलाइन विद्युतीय सिकाइ स्रोत सामग्रीहरुको प्रबन्ध।
४. विद्यालयको वेभ साइट निर्माणको खर्च।
५. प्रत्येक कक्षाका सन्दर्भ सामग्री सहितको बुक कर्नर स्थापनाको खर्च।
६. नमुना विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री, विपद् प्रतिरोधात्मक बनाउन तोकिएको मापदण्ड अनुसार कक्षाकोठाको पूर्वाधारको खर्च।
७. नमुना विद्यालयले आधुनिक शिक्षण पद्वति अनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सकिने गरी कक्षाकोठा व्यवस्थित गर्न लाग्ने फर्निचर तथा पूर्वाधार खर्च।
८. प्रारम्भिक बालशिक्षा कक्षाका लागि बालमैत्री राष्ट्रिय प्रारुप बमोजिमका पर्याप्त खेल तथा सिकाइ सामग्री सहितको छुट्टै कोठा निर्माणमा लाग्ने खर्च।
९. नमुना विद्यालयमा विद्यालयको आवश्यकतानुसार न्युनतम ५० जना विद्यार्थीहरुका लागि प्रचलित मापदण्ड अनुसारको आवासीय भवन निर्माणमा लाग्ने खर्च
१०. नमुना विद्यालयमा आधारभूत तह र माध्यमिक तहका लागि सबै विषय क्षेत्र समेटिएका छुट्टाछुट्टै पुस्तकालयको व्यवस्था गर्न पुस्तक, फर्निचर तथा पूर्वाधार निर्माण खर्च
११. पुस्तकालयलाई क्रमशः विद्युतीय पुस्तकालयको रुपमा विकास गर्दा लाग्ने उपकरणको खर्च।
१२. भौतिक विज्ञान, रसायन विज्ञान, जीवविज्ञान तथा प्राविधिकधार तर्फका विषय क्षेत्र अनुसार सबै विद्यार्थीहरुको सहज पहुँच हुनेगरी छुट्टा छुट्टै प्रयोगशालाको व्यवस्था गर्न लाग्ने उपकरण तथा पूर्वाधार खर्च।
१३. सूचना तथा सञ्चार प्रविधि प्रयोगशालामा नेटवर्किङको व्यवस्थासहित कम्तीमा ३० सेट कम्प्यूटरको खर्च।
१४. नमुना विद्यालयमा स्थानीय भूगोल र समुदायको अध्ययन गराउने हेतुले कला, धर्म, संस्कृति, संस्कार, जीवनशैली, भेषभुषा, इतिहास, स्थानीय भौगर्भिक वस्तुहरु र परम्परागत प्रविधि जस्ता स्थानीय परिवेश झल्किने गरी विद्यालयमा एउटा संग्रहालय कक्षको स्थापनमा लाग्ने खर्च।
१५. विद्यार्थीहरुको प्राथमिक उपचारका लागि एकजना स्वास्थ्य सहायकको व्यवस्था सहित आवश्यक स्वास्थ्य सामग्री सहितको छुट्टै प्राथमिक उपचार कक्षको व्यवस्था गर्न लाग्ने खर्च।
१६. नमुना विद्यालयले विद्यालयको आवश्यकतानुसार विद्यार्थीहरुलाई विद्यालय तहदेखि नै व्यावसायिक सीपतर्फ उन्मुख गराउनका लागि एक छुट्टै कार्यशाला कक्ष सहित स्थानीय सम्भाव्यतामा आधारित विभिन्न पूर्व व्यावसायिक क्रियाकलापहरु सञ्चालन गर्न लाग्ने खर्च।

१७. १० र १२ कक्षाका विद्यार्थीलाई नियमित रुपमा आधारभुत प्लम्बिंग, विद्युत जडान, रंगरोगन, भवन निर्माण, विद्युतीय उपकरणको मर्मत, कम्तीमा दुई पाङ्ग्रे सवारी साधनको मर्मत, आधारभुत कुकिङ्ग जस्ता दैनिक जीवनलाई अत्यावश्यक सीप सिकाउन लाग्ने खर्च।

१८. सबै विद्यार्थी तथा शिक्षकहरुका लागि कम्तीमा ४० जना बराबर एउटा धारा हुने गरी सुरक्षित भण्डारण सहितको पर्याप्त तथा स्वच्छ पानीको लागि लाग्ने खर्च।

१९. ४० जना विद्यार्थी बराबर एउटा हुने गरी छुट्टाछुट्टै बालमैत्री, लैङ्गिक मैत्री, अपाङ्गमैत्री शौचालय निर्माण गर्न लाग्ने खर्च।

२०. नमूना विद्यालयको हाताभित्र एकपटकमा ५० विद्यार्थीले प्रयोग गर्न सक्ने एक चमेनागृहको पूर्वाधार निर्माणमा लाग्ने खर्च।

२१. विद्यालयको हातामा करेसावारी तथा फुलबारी सहितको बगैंचा, सुरक्षित, बालमैत्री र वातावरणमैत्री घेरावार खर्च।

२२. सम्पूर्ण विद्यार्थीहरुलाई एकैपटक प्रार्थना गर्न पुग्ने मैदान सहित भलिबल, टेबलटेनिस लगायतका खेलहरु खेल्नका लागि उपयुक्त खेलमैदान निर्माणमा लाग्ने खर्च

२३. स्वीकृत बालमैत्री स्थानीय शासनको प्रारुपको विद्यालयसँग सम्बन्धित सूचकहरु कार्यान्वयनको खर्च।

२४. नमुना विद्यालयमा टाढाबाट आउने बालबालिकाहरुका लागि यातायातको साधन बसको खरिदमा लाग्ने खर्च।

२५. विद्यालयको कक्षाकोठा, प्रयोगशाला, पुस्तकालय लगायत विद्यालय हातामा हुने सबै गतिविधिहरुको अनुगमन गर्न सकिने गरी सिसि टिभिको व्यवस्था गर्न लाग्ने खर्च।


२६. शिक्षक तथा कर्मचारीको हाजिरी विद्युतीय रुपमा गर्ने व्यवस्था मिलाउन लाग्ने खर्च।

गोपीकृष्ण खनाल
सचिव


## अनुसूची-६

## नमुना विद्यालय भवनका नमुनाहरु

दफा २४ को उपदफा (२) सँग सम्बन्धित



**Higher Secondary School (ID-HS1 & TD-HS2)**
**School Size (Medium-Very Large)**
**Student Number up to 650**




गोपीकृष्ण खनाल

सचिव

## 3.2 Concrete

The minimum compressive strength measured at 28 days, for the cylinder specimens used in different types of structural components are shown in the following table. Higher values may be used based on the discretion of the engineer.

प्रदेश सरकार
प्रदेश नं. ५

**Table 3-1 : Compressive Strength of concrete**

| Standard | Member | $f'_c$ (Nominal) (MPa) | $f'_c$ (Expected) (MPa) |
|---|---|---|---|
| NBC 205:1994 | Footings | 16 | 20.8 |
| NBC 205:1994 | Beams | 16 | 20.8 |
| NBC 205:1994 | Columns | 16 | 20.8 |

## 3.3 Reinforcing Steel

Minimum yield strength of reinforcing steel to be used in the design is shown in the following table.

**Table 3-2 : Yield Strength of Reinforcing steel**

| Standard | Diameter | $f_y$ (Nominal) (MPa) | $f_y$ (Expected) (MPa) |
|---|---|---|---|
| NBC 205:1994 | 12 mm and above | 415 | 518 |
| NBC 205:1994 | 10 mm and below | 250 | 313 |

## 3.4 Structural Steel

Yield strength of structural steel used in the design is shown in the following table.

**Table 3-3 : Yield Strength of Structural Steel**

| Standard | Section | $F_y$ (Nominal) (MPa) | $F_u$ (Nominal) (MPa) | $F_y$ (Expected) (MPa) | $F_u$ (Expected) (MPa) |
|---|---|---|---|---|---|
| IS 800:1984 | Wide flange shapes | 250 | 410 | 275 | 451 |
| IS 800:1984 | Angle and channel sections | 250 | 410 | 275 | 451 |
| IS 800:1984 | Miscellaneous plates and connection materials | 250 | 410 | 275 | 451 |